# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

## शाखा कार्यालय

# पाटन औद्योगिक क्षेत्र

लगनखेल, ललितपुर




# संक्षिप्त जानकारी


सम्पर्क:

कार्यालयको फोन: ५४२१३६७, ५४२१६२७

मोबाइल/whatsapp नं.: ९८५१२७३३५७ (कार्यालय प्रमुख)

email: patan@izml.gov.np, patanizone2@gmail.com, Website: www.izml.gov.np

Facebook page:


SCAN ME

२०८२ मसिर

# संक्षिप्त परिचय

नेपालमा औद्योगिकीकरणमार्फत देश विकास गर्ने लक्ष्यले उद्योगलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरू जस्तैः जमिन, भवन, सडक, ढल, विद्युत, पानी आदि एकै स्थानमा उपलब्ध गराउन वि.सं. २०१६ सालमा बालाजु औद्योगिक क्षेत्र स्थापना भए पश्चात देशका विभिन्न स्थानमा यस्ता क्षेत्र स्थापना गर्ने सिलसिलामा ललितपुर जिल्लाको लगनखेलमा मित्रराष्ट्र भारत सरकारको आर्थिक सहयोगमा वि.सं. २०१९ साल आषाढ ७ गते स्व. श्री ५ महेन्द्र वीर बिक्रम शाहदेवबाट शिलान्यास भई वि.सं. २०२० साल मंसीर १२ गतेबाट यो क्षेत्र सञ्चालनमा आएको हो । ललितपुर जिल्ला नेपाली कला र संस्कृतिमा आधारित उद्योगहरू जस्तै तामा, पित्तल, ढलोट, ढुङ्गा, काठ आदिको मूर्ति, कार्भिङ्ग तथा अन्य सामान उत्पादन हुने स्थानको रूपमा परिचित रहेको सन्दर्भमा यसको संरक्षण र सम्बर्द्धन गर्दै यस क्षेत्रभित्र स्थापित अन्य उद्योगहरुको समेत प्रबर्द्धन गर्ने उद्देश्यले यस औद्योगिक क्षेत्रको स्थापना भएको हो ।

नेपाल सरकारको ९९.६९ प्रतिशत र श्री राष्ट्रिय वाणिज्य बैंकको ०.३१ प्रतिशत शेयर स्वामित्व रहेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको शाखा कार्यालयको रुपमा यो क्षेत्र सञ्चालनमा रहेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालन नेपाल सरकारद्वारा नियुक्त हुने अध्यक्ष-१, महाप्रबन्धक-१, शेयरहोल्डर प्रतिनिधिको रुपमा नेपाल सरकार अर्थमन्त्रालय, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको प्रतिनिधि १/१ जना र औद्योगिक क्षेत्रस्थित उद्योगीहरुको प्रतिनिधिमुलक संस्था नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघको प्रतिनिधि-१ गरी जम्मा ६ सदस्य रहेको सञ्चालक समितिबाट हुने व्यवस्था रहेको छ ।

यो क्षेत्र ललितपुर महानगरपालिकाको वडा नं. ६ र १५ मा अवस्थित यस औद्योगिक क्षेत्रको पूर्व तर्फ सिंचाहिटी, पश्चिम तर्फ लगनखेल, दक्षिण तर्फ सातदोबाटो र उत्तर तर्फ कनिबहाल रहेको छ । उक्त चारकिल्लाभित्र अवस्थित यो औद्योगिक क्षेत्र २९३ रोपनी क्षेत्रफलमा फैलिएको छ । क्षेत्रको मुख्य विषेशता स्वदेशी कच्चा पदार्थ, शीप र श्रममा आधारित परम्परागत हस्तकला, लघु, घरेलु उद्योग र आधुनिक प्रविधिमा आधारित साना उद्योगहरूको सम्मिश्रण हो ।

यस क्षेत्रमा उत्पादित नेपाली कला र संस्कृतिमा आधारित तामा, पित्तल, ढलोटका मूर्तिहरु एवम् काठका विभिन्न समानहरुले स्वदेश लगायत एशिया, युरोप तथा अमेरिकामासमेत ख्याती प्राप्त गरेका छन् भने दैनिक जीवनमा आवश्यक पर्ने सामाग्रीहरू जस्तै निमार्ण सामाग्री, कपडा, दुध तथा दुग्धजन्य पदार्थ लगायत अन्य खाद्य एवम पेय पदार्थ, प्रिन्टिङ्ग प्रेस, पोलिथिनका पाईप, झोलाहरू, नेपालीको पहिचान खुकुरी, अक्सिजन ग्याँस, फर्निचर मेटल फेब्रिकेसन लगायतका उत्पादनले औद्योगिक तथा आर्थिक विकासमा महत्वपुर्ण योगदान पुऱ्याएको छ ।

हजारौको संख्यामा रोजगारी सृजना गर्न तथा करोडौ रूपैया राजस्वमा योगदान गर्ने उद्योगहरूको आश्रयस्थल बनेको यो क्षेत्रको मुख्य विशेषता स्वदेशी सिप नै हो भने विशुद्ध नेपालीपन काठका कलात्मक झ्याल, ढोका निर्माण तथा तामा पितल तथा ढलौटबाट निर्मित बस्तुले विदेशमा नेपाली संस्कृती र परम्पराको पृथक अनि अनुपम राष्ट्रिय पहिचान कायम गर्दै ६२ औँ बसन्त पार गरी यो पाटन औद्योगिक क्षेत्र ६३औँ वर्षमा प्रवेश गरिसकेको छ । यस क्षेत्रको विकास तथा सम्बर्द्धनका लागि चुनौती, जिम्मेवारी र दायित्वहरू पनि कम छैनन् जसको समाधानका लागि हाम्रा हातहरू सँधै सक्रियता पुर्वक अग्रसर रहँदै आएका कुरा सर्वविदितै छ । यस कर्तव्य पथमा अगाडि बढ्न यहाँहरू सबैको सहयोग, सद्भाव एवम् हौसला निरन्तर पाई रहेकै छौँ भने आगामी दिनमा पनि यसको निरन्तरताको अपेक्षा समेत गरेका छौँ ।

## तथ्याङ्कमा औद्योगिक क्षेत्र

| | |
|---|---|
| स्थापना मितिः | वि.सं. २०१९ (शुभारम्भ २०२० मार्ग १२गते) |
| प्रत्यक्ष रोजगारीः | करिब २००९ महिलाः ५४९ पुरुषः १४६० विदेशीः २६३ स्वदेशीः १७४६ |
| लगानीः | उद्योगको तर्फबाट रु. १ अर्व १० करोड, सरकारी क्षेत्रबाट रु. ६ अर्व ४२ करोड |
| राजश्वमा योगदानः | करिब रु. १ अर्व ०९ करोड |

# पूर्वाधारहरू

**विकसित जमिन:** २९३ रोपनी, (साविकको अभिलेखबमोजिम)
**लिजमा उपलब्ध गराइएको जमिनको क्षेत्रफल:** २२१ रोपनी
युटिलिटीले ओगटेको क्षेत्रफल (सडक, ढल, विद्युत सबस्टेशन, पानी ट्याङ्की आदि:) ७२ रोपनी
**सडक:** ४.२ किलोमिटर **कालो पत्रे:** ४ किलोमिटर
**ग्रावेल:** २०० मिटर **ढल:** ३ किलोमिटर
**स्वीकृत क्षमता:** ४,६०० केभिए **स्वीकृत लोड:** १२,४५४ केभिए
**विद्युत वितरण प्रणाली:** HT; २२०० मि LT; ४००० मि.
**पानी उत्पादन:** २००,०००/- लिटर (दैनिक)
**पानी वितरण प्रणाली:** २००० मिटर पाईप लाइन
**पानी टंकी संख्या:** ३ **क्षमता:** १ लाख ९० हजार लिटर, (१४०+३०+२०) **औद्योगिक भवन:** ४८ वटा
**गोदाम:** १३ वटा, **अन्य भवन:** ४ वटा

## क्षेत्रमा रहेका उद्योगहरूको संक्षिप्त विवरण

| | |
|---|---|
| जम्मा स्थापित उद्योगहरु: | ११२ |
| उत्पादनमुलक उद्योग: | १११ गैह्र उत्पादनमुलक: १ |
| सञ्चालनमा रहेका: | १११, |
| निर्माणाधिन: | १ वटा, |
| बन्द उद्योग: | नभएको । |

## क्षेत्रभित्र रहेका अन्य संघ/ संस्थाहरू:

१ श्री नेपाल वैंक लिमिटेड, औद्योगिक क्षेत्र शाखा
२ श्री उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर
३ श्री औद्योगिक सुरक्षा बलको अस्थायी वेस
४ श्री कल्याण तथा सुरक्षा समिति
(क्षेत्रस्थित उद्योगहरुको प्रतिनिधिमुलक संस्था)
५ चमेना गृह
६ हुलाक कार्यालय

## औद्योगिक क्षेत्रमा प्राप्त हुने सेवा तथा सुविधाहरू

- विकसित जग्गा, भवन र गोदाम लिजमा उपलब्ध गराउने (लिज अवधी बढीमा ४० वर्ष पुन: नवीकरण हुन सक्ने)
- विद्युत तथा पानी उपलब्ध हुने ।
- सडक तथा ढलको समुचित व्यवस्था भएको ।
- शान्ति सुरक्षाको लागि सशस्त्र प्रहरीको औद्योगिक सुरक्षा बलको वेस रहेको ।
- प्राथमिक स्वास्थ्य सेवा
- बैकिङ्ग सेवामा क्षेत्रभित्र नेपालको पहिलो नेपाल बैंक लिमिटेड रहेको ।
- टेलिफोन र इन्टरनेटमा सहज पहुँच ।
- यस क्षेत्रभित्र नेपाल सरकारको उद्योग तथा वाणिज्य कार्यालय पनि रहेको ।

## सेवा सुविधामा लिइने शुल्क एवम् जरिवाना

- जग्गा बहाल: प्रतिरोपनी वार्षिक रू. ९१,८३५.२० (२०८२/८३को लागि उत्पादनमुलकको हकमा)
- भवन बहाल: प्रति वर्गफिट मासिक रू. २.५४,/ ३.७१,/ ४.२३,/ ४.१९,/ ३.००
- गोदाम बहाल: प्रति वर्गफिट मासिक रू. २६.२४
- विद्युत महसुल: नेपाल विधुत प्राधिकरणले निर्धारण गरेको दर बमोजिजम
- पानी महसुल: सञ्चालक समितिको निर्णयानुसार निर्धारण भएबमोजिम।
  हाल:. १/२' रु. २५/–, ३/४' र सोभन्दा माथि साईजको रु. ६५/– प्रतिहजार लिटरको ।

## शुल्क/छुट/ विलम्ब दस्तुर

- प्रवेश शुल्क: रु. ३५,००० /– प्रति रोपनी,
  भवन: रु. १५,[illegible]/– प्रति वर्ग फुट (एक पटक) ।
- नवीकरण शुल्क: सम्झौता अवधीको समाप्ति पछि नवीकरण गर्दा प्रवेश शुल्कको ६० प्रतिशत ।
- भाडामा लिएको जग्गामा कारखाना भवन वा त्यस्तै

निर्माण संरचना निर्माण गर्नु पर्दा तोकिएको निर्माण शुल्क प्रति वर्गफिट रु.१०/- बुझाई निर्माण स्विकृती लिनु पर्नेछ ।

☞ प्रत्येक वर्षको जग्गा बहाल श्रावण १ गते अग्रिम बील गरिनेछ श्रावण महिना सम्म बुझाएमा ३ प्रतिशत छुट पाइने, असोज मसान्तसम्म बुझाएमा जरिवाना नलाग्ने, तत्पश्चात वार्षिक १२ प्रतिशतका दरले विलम्ब दस्तुर लाग्ने

☞ प्रत्येक महिनाको भवन तथा गोदाम बहाल अग्रिम बिल गरिनेछ ७ दिन भित्र बहाल बुझाएमा ३ प्रतिशत नगद छुट हुनेछ सोही महिना भित्र बहाल बुझाएमा जरिवाना लाग्ने छैन तत्पश्चात बहाल बुझाएमा बार्षिक १२ प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ ।

## बिद्युत महसुल तिर्दा निम्न बमोजिम छुट र थप दस्तुर लाग्ने

(क) मिटर रिडिङ्ग गरेको १४ दिन भित्र महसुल बुझाएमा २ प्रतिशत रिवेट दिइने छ।

(ख) न्युनतम महसुल २० युनिट सम्म विद्युत खपत गर्ने ग्राहकलाई (ग्राहस्थ) रू. ४ रिवेट दिइने छ ।

(ग) मिटर रिडिङ्ग गरेको १५ औं दिनदेखि २२ औं दिनसम्म महसुल बुझाएमा बिल अनुसार महसुल लाग्नेछ ।

(घ) मिटर रिडिङ्ग गरेको २३ औं दिनदेखि ३० औं दिनसम्म महसुल बुझाएमा ५ प्रतिशत थप दस्तुर लाग्नेछ ।

(ङ) मिटर रिडिङ्ग गरेको ३१ औं दिनदेखि ४० औं दिनसम्म विद्युत महसुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्ने।

(च) मिटर रिडिङ्ग ४१ दिनदेखि २५ प्रतिशत थप दस्तुर लाग्नेछ।

(छ) मिटर रिडिङ्ग गरेको ६० औं दिनसम्म पनि विद्युत महसुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा पनि विद्युत कनेक्सन काटिनेछ ।

(ज) नयाँ ग्राहकलाई जडान गरेवापत निम्नानुसार जडान शुल्क लाग्नेछ । थ्री फेज रू. १000/-, सिङ्गल फेज रू. ५00/-

(झ) कुनै ग्राहकलाई लाईन काटी पुनः लाईन जडान गर्नुपरेमा निम्नाअनुसार शुल्क लाग्नेछ ।

थ्री फेज रू. ५००/–, सिङ्गल फेज रू. ३००/–

नोटः उपरोक्त महसुल दरका सन्दर्भमा नेपाल विद्युत प्राधिकरणबाट महसुल दर परिवर्तन भएमा सोही बमोजिम हुनेछ ।

## पानी महसुल तिर्दा निम्न बमोजिम छुट र थप दस्तुर लाग्नेछ

क) बिलिङ्ग भएको २२ गते देखि १५ औं दिन सम्म महसुल बुझाएमा ४ (चार) प्रतिशतले छुट दिइनेछ ।

ख) १६ औं दिन देखि २२ औं दिनसम्म बिल अनुसार महसुल लाग्ने छ ।

ग) २३ औं दिन देखि ३० औं दिनसम्म महसुल नबुझाएमा १० प्रतिशतले विलम्व दस्तुर लाग्नेछ।

घ) ३१ औं दिन देखि ४० औं दिनसम्म बुझाएमा १५ प्रतिशतले विलम्ब दस्तुर लाग्नेछ।

ङ) ४१ औं दिन देखि २५ प्रतिशतले विलम्व दस्तुर लाग्नेछ।

च) क्षेत्रको पानी शाखाको कर्मचारीहरुले कुनै पनि समयमा पाइपलाइन जाँच गर्न आउन सक्नेछ ।

छ) नयाँ धारा जडान शुल्क वापत न्युनतम रु.१९८०।०० (धाराको साईज अनुसार फरक फरक हुने)।

ज) कनेक्सन काटी सकेपछि पुनः जडान गर्नुपर्दा बक्यौता महसुल तथा त्यसमा नियम अनुसार लाग्ने थप दस्तुर र पूनः जडान शुल्क रु. २०००/–असुल गरेर मात्र पुनः लाइन जडान गरिनेछ।

नोटः विद्युत तथा पानीको बील प्राप्त नभए कै कारण महसुल बुझाउने दायित्वबाट पन्छिन पाइने छैन। कार्यालयमा सम्पर्क राखी सेवा उपयोग गरेवापतको शुल्क बुझाउने दायित्व उपयोग कर्ता कै हुनेछ।

## जग्गा तथा भवन वहालमा दिने सम्बन्धी प्रक्रिया एवम् विधी

क) औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली २०७१ (संशोधनसहित) मा भएको व्यवस्थाबमोजिम कार्यालयले क्षेत्रको कुनै खाली जग्गा तथा भवन भाडामा दिनका लागि प्रस्ताव अव्हानको सूचना गर्नु पूर्व औद्योगिक

क्षेत्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७१ (संशोधनसहित) मा तोकिएको प्राविधिक मापदण्ड वमोजिम भाडामा दिने जग्गा तथा भवनको नाप नक्सा प्राविधिक विषयहरु स्पष्ट किटान गरी स्वीकृति लिनु पर्ने ।

ख) कार्यालयले क्षेत्रको कुनै खाली जग्गा तथा भवन भाडामा दिदा राष्ट्रियस्तरको प्रस्तावको हकमा २१ दिन र अन्तराष्ट्रिय प्रस्तावको हकमा कम्तिमा ३0 दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा प्रस्ताव अह्वानको राख्नु पर्ने सो सूचनामा तपशिलको व्यहोरा खुलाउनु पर्ने व्यवस्था रहेको:

१. प्रस्तावित भवन वा जग्गाको नक्सा,
२. उपलब्ध गराउन सकिने प्रस्तावित भवन वा जग्गाको क्षेत्रफल,
३. प्रस्तावित भवन वा जग्गा भाडामा दिने अवधि र प्रचलित भाडादर,
४. प्रस्तावित भवन वा जग्गाको लागि तोकिएको प्रवेश शुल्क नघटने गरी प्रस्ताव गरेको प्रवेश शुल्कको दरवमोजिम हुने जम्मा प्रवेश शुल्कको २५ पच्चिस प्रतिशतले हुन आउने धरौटी रकम प्रस्ताव साथ जम्मा गर्नु पर्ने,
५. विनियम ५ बमोजिम प्राथमिकता प्राप्त उद्योगहरुको किटानी,
६. नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका विनियम ५ बमोजिम प्राथमिकता प्राप्त उद्योगहरुको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली, उद्योगको विगत ३ वर्षको लेखापरिक्षण भएको आर्थिक विवरण, तर नयाँ उद्योगको हकमा ३ वर्षको प्रक्षेपित आर्थिक विवरण, उद्योगको आर्थिक तथा भौतिक योजनासहितको व्यावसायिक योजना, पुरानो उद्योगको हकमा कर चुक्ता प्रमाण वा निस्सा, उद्योग सञ्चालकहरुको परिचय खुल्ने विवरण, नागरिकताको प्रमाण पत्र, विदेशीको हकमा राहदानी उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन,प्रचलित ऐन नियम वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणिय प्रभाव मुल्याङ्कन (IEA) गर्नुपर्ने भए सोको प्रतिवेदन तर नयाँ उद्योगको हकमा कार्यालयद्वारा तोकी दिएको समयभित्र दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली र प्रचिलत कानून बमोजिम प्रारम्भिक

वातवरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन गर्नुपर्ने भए सोको प्रतिवेदन आदि कागजातहरु पेस गर्ने शर्तमा प्रस्तावित उद्योग सञ्चालकको परिचय खुल्ने विवरण नागरिकताको प्रमाणपत्र, विदेशीको हकमा राहदानी, तिन वर्षको प्रक्षेपित वितीय विवरणसहितको विस्तृत परियोजना प्रतिवेदन र सम्भाव्यता अध्ययन प्रतिवेदनका अधारमा प्रस्ताव पेस गर्नु पर्ने ।

७. समितिले तोकेको शुल्क (फिर्ता नहुने) तिरी प्रस्ताव सम्बन्धी फाराम खरिद गर्नुपर्ने, फाराम पाइने स्थान, पेस गर्ने स्थान, अन्तिम मिति र समय खोल्ने मिति, समय र स्थान सूचनामा उल्लेख भएबमोजिम ।

८. उद्योग छनौटका लागि प्रस्तावको मुल्याङ्कन गर्ने आधार र तरिका,

९. कार्यालयको स्वीकृति लिएर स्वीकृत निर्माण मापदण्डको परिधिभित्र रहेर भवन तथा अन्य सरचना निर्माण निर्माण गर्नुपर्ने,

१०. उद्योगको प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार विनियम ३४ बमोजिमको पदाधिकारीमा निहित रहने ।

११. उद्योगीले मुल्याङ्कन समिति समक्ष प्रस्तावका सम्बन्धमा प्रस्तुतिकरण गर्नु पर्ने,

१२. प्रस्तुतिकरण गर्न बोलावट गर्दा उपस्थित नभएमा उद्योगको प्रस्ताव रद्द गर्न सकिने,

१३. प्रस्ताव आव्हान गर्ने कार्यालयले प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने भनी निर्धारण गरेका अन्य विषयहरु समावेश हुन सक्ने ।

## क्षेत्रभित्र स्थापना हुने उद्योगको प्राथमिकताक्रम

### क) उत्पादनमुलक उद्योगहरू:

१. कृषि तथा बन पैदावारमा आधारित खाद्य बस्तु उत्पादन गर्ने उद्योग,पशुपंक्षीको दाना, चल्ला काढ्ने व्यवसाय, फलफूल

प्रशोधन, दुध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन, रेशम तथा मह प्रशोधन उद्योग, चिया तथा कफी प्रशोधन उद्योग, जडिबुटी प्रशोँधन, बेतबाँसजन्य फर्निचर उद्योग, हस्तकला/ काष्ठकला तथा फर्निचर उद्योग (स:मिलबाहेक)

२. खानी तथा खनिज जन्य उद्योग, धातु वा आधातु खनिज प्रशोधन गर्ने उद्योग, पानी तथा पेय पदार्थ प्रशोधन उद्योग, फोहर प्रशोधन गरी बस्तु उत्पादन गर्ने उद्योग

३. वस्तु उत्पादन गरी निर्यात गर्ने निर्यातमुलक उद्योग,

४. निर्माण समाग्री उत्पादन (सिमेण्ट र कँक्रिट उद्योगबाहेक) प्लाष्टिकजन्य, स्टील वा मेटल फेब्रिकेशन गर्ने, विद्युत समाग्री उत्पादन तथा मर्मत, रङ्गरोगन, साबुन तथा केमिकल, औषधी, तयारी पोशाक, गलैचा, पश्मिना, कपडा उद्योग, सःमिल, घरायसी उपयोगका वस्तु उत्पादन गर्ने उद्योग, ईन्जिनीयरिङ्ग वर्कसप (सवारी साधन मर्मतबाहेक)

५. पशुवधशाला, मासु प्रशोधन, छापाखाना, मसलन्द, प्रिण्ट तथा प्याकेजिङ्ग उद्योग, बायुमण्डलबाट प्रशोधन गरी ग्याँस उत्पादन गर्ने, सौर्य शक्ति वा अन्य श्रोतबाट जलश्रोत, वायु, कोईला, प्राकृतिक तेल, इन्धन वा ग्याँस बायोमास वा अन्य श्रोतहरुबाट उर्जा उत्पादन प्रसारण गर्न प्रयोग गरिने मेसिन वा उपकरण निर्माण गर्ने उद्योग आदि ।

६. नेपाल सरकारले उत्पादनमुलक उद्योगको परिभाषा भित्र समेटेका अन्य उद्योग ।

**ख) गैह्र उत्पादनमुलक उद्योग वा संघ संस्था वा कार्यालयहरुः**

१. लिक्युड कच्चा पदार्थ आयात गरी रिफिलिङ्ग तथा बिक्री वितरण गर्ने अक्सिजन वा एलपी ग्याँस उद्योग, शितभण्डार, कृषि उत्पादनको लागि सहयोग पुग्ने वस्तु वा सेवाको वितरण, सूचना प्रविधि, सफ्टवेयर विकास, प्राविधिक प्रशिक्षण तथा शिप विकास तालिम प्रदान गर्ने संस्था वा विद्यालय, स्वास्थ्य सेवा प्रदान गर्ने गैह्र नाफामुलक संस्था एवम् क्षेत्रस्थित उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदर्शनी तथा बिक्री कक्ष आदि।

२. सरकारी निकाय वा संस्था र गैह्रव्यापारिक कार्यालयहरु

३. चलचित्र स्टुडियो, सवारी साधनको मर्मत गर्ने, पेट्रोलियम पदार्थको रिफिलिङ्ग तथा बिक्री वितरण, तौलपुल (धर्मकाँटा), चार्जिङ्ग स्टेशन, बैक, वित्तीय तथा सहकारी संस्थाहरु, नाफामुलक अस्पताल।

११. उद्योग स्थापनाको लागि १(एक) रोपनी क्षेत्रफलभन्दा कम क्षेत्रफलको जग्गा भाडामा दिन नपाइने तर यस भन्दा अघि नै सो भन्दा कम क्षेत्रफलको जग्गा तथा भवन सम्झौता गरी सञ्चालन भएको उद्योगले अन्य उद्योगलाई वेचविखन

तथा स्वामित्व हस्तान्तरण गर्न चाहेमा त्यस स्थानमा आउने नयाँ उद्योगलाई नियमानुसार जग्गा तथा भवन सम्झौता नामसारी गरी भाडामा उपलब्ध गराउन सकिने। सञ्चालनमा रहेका उद्योगलाई क्षमता विस्तारका लागि साविकको जमिन नपुग भएमा साँध सिमानामा खाली तथा प्रयोग विहिन रहेको ५ रोपनी क्षेत्रफलसम्मको जग्गा महाप्रबन्धकको स्वीकृति लिएर वा कुनै उद्योगले वहालमा लिएको जग्गा भए सो उद्योगले छोड्न चाहेको बढीमा १० (दश) रोपनी क्षेत्रफलसम्मको खाली जग्गा कार्यालयले प्रत्यायोजित अधिकारको परिधिभित्र रही थप गर्न सक्ने तर यसरी जमिन थप भएपछि सो उद्योगको नाममा लिज कायम रहेको जग्गा सो मितिले ५ (पाँच) वर्षसम्म खण्डिकरण गरी अर्को उद्योगलाई हस्तान्तरण गर्न पाईने छैन ।

१२. भौतिक संरचना निर्माण सम्बन्धी मापदण्ड तथा गुरुयोजना नाप नक्साभित्र परेको सेवाले ओगटेको भवन तथा जग्गा जस्तैः सडक पार्किङ्ग स्थल ,ढलको छेउ विद्युत सवस्टेशन परिसर, ग्रीनवेल्ट, पम्पहाउस परिसर, ईनार वा डिपवोरिङ्ग स्थल, कार्यालय परिसर, ग्यारेज अतिथि गृह, कर्मचारी आवाश र अन्य सार्वजनिक उपयोगका लागि छुट्टाइएको जग्गा तथा भवन उद्योगलाई भाडामा दिन पाइने छैन ।

१३. यस कार्यालयद्वारा निर्माण गरिएको कारखाना भवन टुक्राएर आंशिक रुपमा कुनै उद्योगलाइ भाडामा दिन पाईने छैन। विनियमावलीको नियम २९ बमोजिम उद्योगको सम्पति बेचबिखन गर्दा भाडामा लिएको जग्गालाई टुक्र्याउन वा खण्डीकरण गर्न पाइदैन । विनियमावलीको नियम २९ बमोजिम उत्पादनमुलक समुहभित्रको उद्योगले भाडामा लिएको साविकको जग्गा तथा भवनको सम्झौता हस्तान्तरण गर्दा सवारी मर्मत केन्द्र वा प्रदर्शनिजन्य उद्योगको नाममा हस्तान्तरण गर्न सकिने छैन।

## कर्जा लिन सक्ने

उद्योगले भाडामा लिएको जग्गामा आफ्नै खर्चमा निर्माण गरेको भवन वा अन्य जायजेथा बैंक/वितीय संस्थामा धितोबन्धक राखी कर्जा लिन सक्नेछ र यस्तो कर्जा राफसाफ गर्ने सम्बन्धमा देहायका शर्तहरु लागू हुने छनः–

क) उद्योगले बैंक/वित्तीय संस्थाको कर्जा चुक्ता नगरेको अवस्थामा उद्योगको जायजेयथा कब्जामा लिँदा अनिवार्य कार्यालयको स्वीकृत लिनुपर्ने,

ख) बैंक वितीय संस्थाले उद्योगको जायजेयथा कब्जामा लिएको मिति देखि उद्योगको नामबाट भुक्तानी गर्नु पर्ने बहाल महसुल

वापतको बील बमोजिमको रकम उद्योगको तर्फवाट बैंक स्वयमले कार्यालयलाई भुक्तानी गर्नु पर्ने,

ग) उद्योगले भाडामा लिएको जग्गा र भवनबाहेक बैंक/वितीय संस्थाले कब्जामा लिएको उद्योगको जायजेयथा यथासिघ्र लिलाम विक्री गर्नुपर्ने ।बैंक/वितीय संस्थाले लिलाम बिक्री कारवाही नगरेमा कार्यालयले उद्योगको सम्पति पुनः कब्जामा लिएर प्रचलित कानुन अनुसार लिलाम बिक्री गरी कार्यालयको बक्यौता असुल उपर गर्ने।

घ) उद्योगले निर्माण गरेको भवन तथा अन्य जायजेयथाहरु बैंक/वितीय संस्थाले लिलाम गर्दा नियम ५ मा उल्लेखित प्राथमिकता क्रममा रहेका उद्योगहरुलाई मात्र बिक्री गर्न सक्नेछ ।

ङ) खण्ड (घ)बमोजिम उद्योगको सम्पति खरिद गर्ने उद्योगले यस नियमावली वमोजिम तिर्नुपर्ने बहाल महसुल तथा सवै प्रकारका शुल्कहरु बुझाउनुपर्ने ।

## १५. सम्झौता अवधि/नवीकरण

उद्योगलाई जग्गा तथा भवन भाडामा दिदा पहिलो पटक बढीमा ४० वर्ष अवधिका लागि दिन सकिनेछ । उद्योगलाई जग्गा वा भवन भाडामा दिएको सम्झौता बमोजिमको अवधि व्यतित भएपछि बढीमा ४० वर्षको लागि नवीकरण हुनसक्ने।

## १६. भाडादरमा आवधिक पुनरावलोकन गर्नुपर्ने

औद्योगिक क्षेत्रको जग्गा तथा भवनको भाडादर प्रत्येक १०-१० वर्षमा पुनरावलोकन गरिनेछ । तर गैह्र-उत्पादनमुलक उद्योगले लिएको जग्गा तथा भवनको भाडादर सो समय भन्दा अगावै पुनरावलोकन गर्न सकिने।भाडादर सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुने र निर्धारित भाडा प्रत्येक वर्ष ५(पाँच प्रतिशत)का दरले बृद्धी हुने।

## १७. वीमा गराउनु पर्नेः-

(१) उद्योगले भाडामा लिएको भवनको सम्भावित जोखिम विरुद्धको वीमा प्रचलित कानून अनुसार प्रयोगकर्ता आफैले अनिवार्य रुपमा गराउनु पर्ने।

(२) उपनियम (१) बमोजिम वीमा नगराएको खण्डमा कार्यालयले वीमा गराई त्यसरी वीमा वापत भुक्तानी गरेको प्रिमियम रकम सम्बन्धित उद्योगबाट असुलउपर गर्नेछ ।

१८. उद्योगको नाम वा शेयरधनी परिवर्तन, साविकको उद्देश्यमा थप क्षेत्रभित्र स्थापित /सञ्चालित उद्योगको नाम वा शेयरधनी वा सञ्चालक वा साझेदार परिर्वतन वा उद्देश्य थप गर्नु परेमा उद्योगले कार्यालयको सहमति लिनु पर्नेछ।सहमति नलिई गरिएमा जरिवाना लिई नियमित गर्न सकिने तर, उत्पादनमुलकबाट गैह्र उत्पादन मुलकमा थप वा परिवर्तन हुन नसक्ने।

**१९. उद्योग गाभिने भएमा सहमति लिनुपर्नेः-**

(१) क्षेत्रभित्र सञ्चालित कुनै दुई वा सोभन्दा बढी उद्योग वा क्षेत्रभित्र संञ्चालित कुनै उद्योग अन्य कुनै उद्योग संग प्रचिलत कानून बमोजिम गाभिने भएमा त्यस्ता क्षेत्रभित्र संञ्चालित उद्योगले कार्यालयको सहमति लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिसको आधारमा सम्बन्धित निकायवाट उद्योगको गाभीएको व्यहोरा ब्यहोरा उद्योगले सरकारी निकायवाट जारी भएको कागजात सहित कार्यालयलाई जानकारी गराउनु पर्नेछ

(३) उपनियम (२) बमोजिम उद्योगहरु गाभिएर नामकरण भएको अवस्थामा साविकको सम्झौता रद्द गरी नयाँ उद्योगसँग कार्यालयले जग्गा तथा भवनको छुट्टै नयाँ सम्झौता गरिदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्झौता गर्दा उद्योगले तोकिएको प्रवेश शुल्क कार्यालयलाई बुझाउनु पर्नेछ ।

**२०. उद्योगको सम्पति बेचबिखनसम्बन्धी व्यवस्थाः** उद्योगले कुनै कारण परी क्षेत्रभित्र सञ्चालित उद्योग सञ्चालन गर्न नसक्ने भएमा भाडामा लिएको जग्गामा उद्योग आफैले निर्माण गरेको भवन तथा भौतिक संरचना,मिलमेशिनरी जस्ता सम्पतिहरु कार्यालयको स्वीकृती लिएर अन्य उद्योगलाई स्वामित्व हस्तान्तरण गरी बेचबिखन गर्न सक्नेछ । तर, आवश्यकताको आधारमा क्षेत्रस्थित उद्योगले निर्माण गरेको भवन लगायत अन्य संरचनाहरु कार्यालयले मूल्याङ्कन समितिको मूल्याङ्कनको आधारमा खरिदसमेत गर्न सक्ने।

**२१.सम्पतिहरू बेचबिखन गर्दा कार्यालय समक्षा पेस गर्नु पर्ने कागजातहरूः-**

**क) सम्पति बेचबिखन गर्ने साविक उद्योगको तर्फवाटः-**

☞ सम्पति बेचविखन गर्न उद्योगको सञ्चालक समिति वा साझेदारहरु वा स्यमं प्रोप्राइटरको निर्णय,

☞ सम्बन्धित निकायवाट हालैका मितिमा प्रमाणित गरिएको उद्योगको शेयरधनी, साझेदार वा प्रोप्राइटरको लगत किताव,

☞ बैंक तथा वित्तीय संस्थालाई कर्जाका लागि कार्यालयबाट सिफारिस गरिएको भए सोको फुकुवा पत्र,

☞ अघिल्लो वर्षको आय विवरण पेश गरेको वा आयकर चुक्ता प्रमाणपत्र,

☞ उद्योगको दर्ता खारेजी गरेको भए सोको प्रमाण वा ठाउँसारी गर्ने भए उद्योग दर्ता गर्ने सम्बन्धित निकायको पत्र र कार्यालयको वहाल महशुल बक्यौता रकम चुक्ता प्रमाणपत्र ।

**ख) सम्पति खरिद गर्ने प्रस्तावित उद्योगको तर्फबाटः-**

- ☞ क्षेत्रभित्र उद्योग स्थापना गर्न उद्योगको सञ्चालक समिति वा साझेदारहरु वा प्रोप्राइटरको निर्णयसहित सम्बन्धित
- ☞ निकायवाट इजाजतप्राप्त दर्ताप्रमाणपत्र, प्रबन्धकपत्र तथा नियमावली,
- ☞ शेयरधनी साझेदार वा प्रोप्राइटरको नागरिकता वा परिचय खुल्ने कागजात र सम्बन्धित निकायवाट हालै जारी भएको शेयरधनीको लगत विवरण
- ☞ उद्योगको आर्थिक तथा भौतिक योजना सहितको व्यवसायिक योजना,
- ☞ प्रस्तावित उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन र
- ☞ उद्योगको सम्ब्यता अध्ययन प्रतिवेदन, प्रचलित कानून बमाजिम प्रारम्भिक वातावरणिय परीक्षण (IEE) वातावरणिय प्रभाव मुल्याङ्कन (EIA)गर्नु पर्ने भए सोको प्रतिवेदन
- ☞ सम्पति बेचविखन सम्बन्धी दुवैपक्षको संयुक्त सम्झौता पत्र
- ☞ कार्यालयले तोकेको अन्य कागजातहरु ।

ग) सम्पति बेचविखन सम्बन्धि दुवै पक्षकोको संयुक्त समरझौतापत्र

**२२. उद्योगको दायित्वः-**

**क्षेत्रभित्र स्थापित उद्योगको दायित्व देहायबमोजिम रहनेछः-**

१. सम्झौतामा उल्लेख भएको समयभित्र भाडा रकम दाखिला गर्ने,

२. सम्बन्धित विनियमावलीमा व्यवस्था भएबमोजिम पानी र विद्युत महसुल दाखिला गर्ने,

३. आफ्नो भवन कम्पाउण्ड वरिपरीको वातावरण प्रदुषण हुन नदिन सरसफाइको उपयुक्त व्यवस्था गर्ने,

४. उद्योगबाट निस्कने फोहरमैला उपचार त्चभबतक्षभलत गरेर मात्र निकष्काशन हुने गरी फोहरमैला निष्काष्सनको उपयुक्त व्यवस्था मिलाउने,

५. वातावरण सम्बन्धी प्रचलित कानुनबमोजिमको दायित्व पुरा गर्ने,

६. सम्झौता बमोजिमका शर्त तथा दायित्व पुरा गर्ने र

७. समितिले समय समयमा दिएको निर्देशन पालना गर्ने ।

## औद्योगिक क्षेत्र व्यवस्थापक लि.
## पाटन औद्योगिक क्षेत्र [illegible]
## क्षेत्रस्थित उद्योगहरुको विवरण

| क्र.स | उद्योगको नाम | उत्पादन सामाग्री | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| क | [illegible] उद्योगहरु ([illegible]) | | | |
| १ | श्री वेकरी प्रा. लि. | वेकरी जन्य उत्पादन गर्ने | श्री सौरभ ज्योति | ९८०१०३९१२३ |
| २ | श्री एस बेकरी एण्ड स्वीट्स प्रा.लि | वेकरी जन्य उत्पादन गर्ने | श्री कुलप्रसाद घिमिरे | ९८५१०९४४५० |
| ३ | श्री आकाश फूड्स प्रा. लि. | मिठाइ नमकिन उत्पादन गर्नै | श्री अंकुर अग्रवाल | ९८१३४८८२०० |
| ४ | श्री आनन्द कोन उद्योग | आईसक्रिम कोन उत्पादन | श्री आनन्द साह कलवार | ९८५१०३७९९१ |
| ५ | श्री शक्ति फुड प्रा.लि. | दूध, दही, घ्यु, आईसक्रिम,कोन,वटर आदी | श्री प्रकाश महर्जन | ९८५१०८९७२० |
| ६ | श्री प्राइम फुड्स एण्ड डेलिकेटेसन | ससेज उत्पादन | श्री सुरेन्द्र प्रसाद सुवाल | ९८४९९३४८९६ |
| ७ | श्री संगम फूड प्रोडक्ट प्रा.लि. | आईसक्रिम उत्पादन | श्री विमल भण्डारी | ९८४१७८७९५४ |
| ८ | श्री एग्रोथाई फुड्स प्रा.लि | जुस पेय पदार्थ उत्पादन | श्री पवन कुमार संघाई | ९८५१०३२९६४ |
| ९ | श्री कूण्डपानी प्रशोधन उद्योग | पानी प्रशोधन तथा बिक्री | श्री चिरञ्जिवी कुँइकेल | ९८५१०१२१४३ |
| १० | श्री नेपो मिनरल्स | मिनरल वाटर | श्री पवन कुमार संघाई | ९८५१०३२९६४ |
| ११ | श्री क्वालिटी वाटर एण्ड वेभरेज प्रा.लि. | मिनरल वाटर उत्पादन | श्री सुरेन्द्रराज राजकर्णिकार | ९८५१०३६२७४ |
| १२ | श्री पाटन चिकेन इण्डष्ट्रिज | मासु तथा ससेज उत्पादन गरी बिक्री गर्ने । | श्री निल बहादुर शाही | ९८५१०३२७८१ |

| | | | | |
|---|---|---|---|---|
| १३ | श्री आकास स्न्याक्स प्रा.लि. | स्न्याक्स जन्य खाद्य वस्तुहरु उत्पादन गर्ने | श्री रितेश कुमार अग्रवाल | ०१-६६१२४८५ |
| १४ | श्री राजधानी डेरी प्रा.लि. | दुग्धजन्य पदार्थ उत्पादन गर्ने | श्री राजकुमार दाहाल | ९८४१६५८५२६ |
| १५ | श्री संयुक्त डेरी फूड्स प्रा.लि | दूध, दही, घ्यु, वटर आदि | श्री कुल प्रसाद घिमिरे | ९८५१०९४४५० |
| १६ | श्री नव प्रभात डेरी प्रा.लि. | दूग्ध पदाथ इर्नजी ड्रिंङ्क उत्पादन गर्ने | श्री मनोज हुमागाईं | ९८५१००५२०४ |
| ख. | प्लाष्टिकजन्य वस्तु उत्पादन गर्ने उद्योगहरु | | | |
| १७ | श्री आनन्द प्लाष्टिक ललितपुर प्रा.लि. | प्लाष्टिकको कप उत्पादन गर्ने | श्री आनन्द शाह कलवार | ९८५१०३७९९१ |
| १८ | श्री आकाश प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि. | प्लाष्टिकको समान टैंकी उत्पादन | श्री बिनोद ताम्राकार | ९८५१०२२५९० |
| १९ | श्री के.वी. पेट इण्डष्ट्रिज प्रा.लि. | ग्रानुयेल र पेट वाटेल उत्पादन गर्ने | श्री भुवन आचार्य | ९८५१११९५९४ |
| २० | श्री विजू प्लाष्टिक इ.प्रा.लि. | प्लाष्टिकको झोला उत्पादन गर्ने | श्री राजेश्वरलाल जोशी | ९८५१०२५५०३ |
| २१ | श्री जे.एस. प्लाष्टिक उद्योग | पोलोथिन पाईप जर्किन बट्टा र फलामको अन्य कार्य गर्ने | श्री राजेश्वरलाल जोशी | ९८५१०२५५०३ |
| २२ | श्री मनकामना पलाष्टिक उद्योग | प्लास्टिकको सिट प्याकिङ व्याग आदि | श्री बहादुर महर्जन | ९८५१११७६३० |
| २३ | श्री यचूल प्लाष्टिक उद्योग | प्लाष्टिक वोतल र जार | श्री चिरञ्जिवी कुँईकेल | ९८५१०१२१४३ |
| २४ | श्री राधा कृष्ण प्लाष्टिक उद्योग | प्लाष्टिकको एच एम पि.पि. व्याग र सिटहरु | श्री पुष्करराज विष्ट | ९८४१६५८५२६ |
| २५ | श्री शिव शक्ति वोटल प्रा.लि. | पेट वोतल/जार/प्रिफर्म | श्री चिरञ्जीवी कुइकेल | ९८५१०१२१४३ |
| २६ | श्री सिद्धी लक्ष्मी प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि. | प्लाष्टिक बोटल उत्पादन । | श्री अरुणमान जोशी | ९८४१३०८५०१ |
| २७ | श्री सूपर क्वालिटी प्लाष्टिक इ.प्रा.लि. | प्लाष्टिक जन्य सामान | श्री नारायणलाल जोशी | ५४२७०१२ |
| २८ | श्री गणपति पेट उद्योग | प्लाष्टिक जार वोटल उत्पादन | श्री खुश्बु चौधरी | ९८०३२००२५८ |

| | | | | |
|---|---|---|---|---|
| २९ | श्री टि.एस.एन. प्लास्ट केयर इ.प्रा.लि. | प्रिफम उत्पादन | श्री भरत राज आचार्य | ९८५१०६२४७८ |
| ३० | श्री अन्नपूर्ण प्लाष्टिक इण्डष्ट्रिज | प्लाष्टिक वोटल र प्लाष्टिक झोला उत्पादन | श्री सवि कार्की | ९८५१००१२६० |
| ३१ | श्री संघाई प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि. | प्लाष्टिकका विविध समानहरु | श्री पवन संघाई | ९८५१०३२९६४ |
| ३२ | श्री जय जगदम्बा इण्डिटज प्रा. लि. | प्लाष्टिकको ट्याङ्गीको बिर्को उत्पादन | श्री गणेश बहादुर श्रेष्ठ | ९८०१२०१००५ |
| ३३ | श्री ज्योती पोलिमर्स | प्लाष्टिकका सामान उत्पादन | श्री बजरंगलाल अग्रवाल | ९८५१०४२८५७ |
| ३४ | श्री रुफटप इण्डष्ट्रिज प्रा. लि. | प्लाष्टिको टैंक | श्री संजिब राना केशवन | ९८५१०९५०११ |
| ३५ | श्री इको पोलि प्याक इण्डष्ट्रिज | झोला माक्स नन् ओभन फ्रेबिक | श्री सन्नी के.सी. | ९८५१२५४५१५ |
| ग. | **काठ तथा धातुका कलात्मक मूर्ति तथा अन्य बस्तु उत्पादन गर्ने उद्योगहरु** | | | |
| ३६ | श्री अरनिको स्टोन कार्भिङ इण्डष्ट्रिज | ढुङ्गाको मुर्ति बनाउने | श्री धर्मराज शाक्य | ९८५१०५८१३३ |
| ३७ | अनूज मेटल एण्ड एलाईउड इण्डष्ट्रिज | विभिन्न प्रकारका फलामका फर्निचरहरु | श्री हरि बहादुर नकर्मी | ९८६७९७८०६८ |
| ३८ | श्री उड तारा मेटल क्राफ्ट प्रा.लि. | आल्मुनियम भाडावर्तन उत्पादन | श्री प्रदिप महर्जन | ९८५१०५२४७७ |
| ३९ | श्री उड कार्भिङ इण्डष्ट्रिज प्रा. लि. | धातुका मुर्ति तथ कलात्मक सामान | श्री मोतीलाल शिल्पकार | ९८०१०३०४४८ |
| ४० | श्री उड कार्भिङ होम | काठका कलात्मक वस्तु उत्पादन गर्ने | श्री मलिना ताम्राकार | ९८५१०५३८९३ |
| ४१ | श्री एम एम मेटल क्राफ्टस | मुर्ति तथा अन्य कलात्मक समान बनाउने | श्री मन्जिल ताम्राकार | ९८५१०२५८१० |
| ४२ | श्री कटेज क्राफ्ट उद्योग | धातुका भाडाँहरु र हस्तकलाका सामान | श्री कृपा ताम्राकार | ९८५१०५१३८४ |
| ४३ | श्री क्लाशिक उड एण्ड ह्याण्डी क्राफ्टस | काठका हस्तकलाका सामानहरु उत्पादन गर्ने | श्री कुञ्जन मानन्धर | ९८४१४१८०८४ |
| ४४ | श्री घरेलु हस्तकला उद्योग | हस्तकला सामान उत्पादन गर्ने | श्री कुमार राज भण्डारी | ९८४१४७८२४० |

| | | | | |
|---|---|---|---|---|
| ४५ | श्री पुर्ण उड कार्भिङ इण्डष्ट्रिज | काठ तथा ढुंगाको मुर्ति कुट्ने | श्री लक्ष्मी स्थापित | ९८५१०२७२०६ |
| ४६ | श्री वैकुण्ठ कलात्मक हस्तकला उद्योग | काठको कलात्मक समान | श्री ताम्राकार | ९८४१३०५०२३ |
| ४७ | श्री नेपाल ढलोट उद्योग | ढलोट सम्बन्धि मुर्ति | श्री रत्नराज्य शाक्य | ९८४१२६११९८ |
| ४८ | श्री नेप्लीज ह्याण्डी क्राफ्टस | हस्तकलाका विभिन्न समान उत्पादन गर्ने | श्री मनोज ताम्राकार | ९८५१०२४३४४ |
| ४९ | श्री नेपाल नट क्राफ्ट सेन्टर प्रा.लि. | हस्तकलाका विभिन्न समान उत्पादन गर्ने | श्री श्यामबदन श्रेष्ठ | ९८४१३३७०८६ |
| ५० | श्री विशाल काष्ठ कार्यालय | फर्निचर उड कार्भिङ उत्पादन | श्री युगल चरण प्रधानाङ्ग | ९८४१२७५०६० |
| ५१ | श्री महाबौद्ध विद्याधारी शिल्पभण्डार प्रा.लि. | तामा,पितल,ढुंगा,काठका कलात्मक समान बनाउने | श्री अनिलसिंह शाक्य | ९८५१०९६८७० |
| ५२ | श्री ललितपुर कलात्मक काठ उद्योग | कालात्मक काठका सामान | श्री सिंह बहादुर नकर्मी | ९८१८८४००३३ |
| ५३ | श्री शाक्य ह्याण्डी क्राफ्ट | तामा पितल आदिका कलात्मक सामान | श्री सागर शाक्य | ९८४१०३५३७६ |
| ५४ | श्री क्राफ्ट किंग | हस्तकाला सामान | श्री दिविन शाक्य | ९८४९२१७२६५ |
| ५५ | श्री आर एल ह्याण्डी क्राफ्ट्स | तामा पित्तलको मूतिहरु उत्पादन गर्ने | श्री रामलाल महर्जन | ९८५१००५४४२ |
| ५६ | श्री खुकुरी हाउस हस्तकला उद्योग | खुकुरी उत्पादन गर्ने | श्री सरोज लामा तामाङ | ९८५१०७१५७५ |
| ५७ | श्री विगि आइरन एण्ड स्टिल इ. प्रा.लि. | स्टिल फर्निचर वनाउने | श्री ज्वालाराज सैंजु | ९८५१०२५४८६ |
| ५८ | श्री चण्डी स्टिल एण्ड आइरन इ. प्रा.लि. | स्टिल फर्निचर उत्पादन गर्ने | श्री विक्रम कृष्ण श्रेष्ठ | ९८४१४१८०८४ |
| ५९ | श्री डाँफे मेटल इण्डष्ट्रिज | स्टिल फर्निचर उत्पादन बनाउने । | श्री दिनेश ताम्राकार | ९८६१०६३४६७ |
| ६० | श्री भैरव नाथ आइरन इण्डष्ट्रिज प्रा.लि. | मेटल तथा स्टिल दराज बनाउने | श्री अष्टमान ताम्राकार | ९८५१००६०५० |
| ६१ | श्री मंगल फर्निचर | काठका फर्निचर उत्पादन | श्री दीघार्यु कुमार अवाले | ९८५११३४८९४ |

| | | | | |
|---|---|---|---|---|
| ६२ | श्री सुरेश जनरल उड एण्ड स्टील | काठ तथा स्टीलको फर्निचर उत्पादन | श्री सरेश श्रेष्ठ | ०१ ५४५२२२५३ |
| ६३ | श्री नेष्ट फर्निचर प्रा.लि. | फर्निचर बनाउने | श्री सपना सापकोटा | ९८५११९१८८२ |
| ६४ | श्री महाबौद्ध कार्पेट उद्योग | पश्मिना सल, धातुका मुर्ति गहना थान्का आदि | श्री सानुराजा शाक्य | ९८५१०३७१५७ |
| ६५ | श्री हिमालय क्राफ्ट | फर्निचर निर्माण एवम् प्रदर्शनी | श्री अकलान्तसागर ताम्राकार | ९८५१०३२७९३ |
| घ. | **भाँडा वर्तन तथा अन्य** | | | |
| ६६ | श्री एम्प्रस इण्डष्ट्रिज प्रा. लि. | विभिन्न किसिमका सामाग्रीहरु उत्पादन गर्ने | श्री भरतराज आचार्य | ९८५१०६२४७८ |
| ६७ | श्री अन्नपुर्ण हाउसहोल एण्ड सप्लाईन्सेस प्रा.लि. | आल्मोनियम भाडावर्तन र प्रेसर कुकर | श्री पदम रत्न तुलाधर | ९८५१०३०६२७ |
| ६८ | श्री के. आर. मेटल वर्कशप | तामा पितलका भाडा, फलामको पोष्ट बक्स आदी उत्पादन गर्ने | श्री कुमारी ताम्राकार | ९८६०७७६६८४ |
| ६९ | श्री ताम्राकार युटेन्सील | तामा पितलका भाडा उत्पादन गर्ने | श्री बिनोद ताम्राकार | ९८५१०२२५९० |
| ७० | श्री रत्न रोलिङ्ग मिल्स प्रा.लि. | आल्मोनियमको सर्कल तथा भाडा वर्तन पाता उत्पादन | श्री पूर्णरत्न शाक्य | ९८५१०४८९९२ |
| ७१ | श्री लक्ष्मी मेटल | तामा र पितलको भाडावर्तन | श्री चन्द्रलक्ष्मी ताम्राकार | ९८५१०५८११३ |
| ७२ | श्री देव आल्मोनियम इण्डष्ट्रिज | स्टील तथा आल्मुनियमका वर्तन वनाउने | श्री लोकरत्न बज्राचार्य | ९८५१०२५४७८ |
| ङ. | **निर्माण समाग्री उत्पादन गर्ने** | | | |
| ७३ | श्री एम के मेटल इलेक्ट्रिक उद्योग | स्वीच वक्स उत्पादन गर्ने | श्री मंगलकृष्ण ताम्राकार | ९८४१३०५८८७ |
| ७४ | श्री एलाइड फोम इण्डष्ट्रिज | फोम उत्पादन गर्ने | श्री रबिन्द्र दुवाल | ९८५१०२३९७९ |
| ७५ | श्री एभरेष्ट फोम इण्डष्ट्रिज | फोम उत्पादन गर्ने | श्री कमलराज शाक्य | ९८५११७६७४२ |
| ७६ | श्री काठमाडौ रवर इण्डष्ट्रिज | रवर र फोम उत्पादन गर्ने | श्री कमलराज शाक्य | ९८५११७६७४२ |

| | | | | |
|---|---|---|---|---|
| ७७ | श्री एलाईड वायर इण्डष्ट्रिज | विभिन्न किसिमका तारका जालीहरु उत्पादन गर्ने | श्री सरोज ढकाल | ९८५१०६२८०१ |
| ७८ | श्री नेपाल यन्त्रसाला इनर्जी | वाटर टर्वाइन तथा फलाम निर्माण गर्ने | श्री बाबा प्रधान | ९८५१०३४३०४ |
| ७९ | श्री पाटन आइरन एण्ड स्टिल इ.प्रा.लि. | स्टिल फर्निचर तथा आइरन स्टकचर उत्पादन गर्ने | श्री सुरेन्द्रराज राजकर्णिकार | ९८५१०३६२७४ |
| ८० | श्री पावरटेक नेपाल प्रा.लि. | हाईड्रो टर्वाइन र अन्य | श्री सुरेन्द्रभक्त माथेमा | ९८०३८८७४४७ |
| ८१ | श्री पुर्ण मेटल कन्सर्न उद्योग | फलामका इलेक्ट्रिक वक्स उत्पादन गर्ने । | श्री रामकृष्ण बराही | ९८५१०५२३७३ |
| ८२ | श्री नेपाल विधुत उद्योग प्रा.लि. | विधुतका समान उत्पादन गर्ने | श्री बिष्णुप्रसाद श्रेष्ठ | ९८४१४९३२२३ |
| ८३ | श्री विरा फर्निचर | फर्निचर प्लाईउड,पार्केट फ्लस डोर विन्डो सटर आदि | श्री पदमबहादुर श्रेष्ठ | ९८५१०३१९४२ |
| ८४ | श्री विल्डिङ मेटिरियल मेनूफ्याक्चरिङ कम्पनी | झ्याल ढोका चौकस वनाउने | श्री सुन्दरी देवी श्रेष्ठ | ९८५१०३१९४२ |
| ८५ | श्री महालक्ष्मी ह्युम पाईप | ह्युम पाइप उत्पादन | श्री तरी बाबु महर्जन | ९८५१०५५४५६ |
| ८६ | श्री पन्चकन्या प्रोफाईल प्रा.लि. | पि.भि.सी. फिटिङसहरु | श्री प्रेम बहादुर श्रेष्ठ | ९८०११८२१६१ |
| ८७ | श्री सागर मेटल इण्डष्ट्रिज | झ्याल ढोकाको कव्जा र स्टीलको पार्टसहरु बनाउने | श्री अकलान्तसागर ताम्राकार | ९८४१८००११९ |
| ८८ | श्री एस.के.जिन. पोलिन एण्ड एडेसिभ उद्योग | एडिसिभ ग्राइटवाद पुटिन, मार्वलको ग्रेनाईट वाथरुम वेसिन | श्री परमेश्वरलाल अग्रवाल | ९८०१०२७४४८ |
| ८९ | श्री निलेश स्टिल इन्जिनियरिङ वर्क्स | फलामजन्य ग्रिल सटर रेलिङ र ट्रस निर्माण गर्ने | श्री निमेश नकर्मी | ९८५१०३५४७४ |
| ९० | श्री विश्वकर्मा फलाम उद्योग | ग्रिल सट्टर,गेट तथा विधुत समानहरु | श्री राजन नकर्मी | ९८४००५९१८४ |
| ९१ | श्री नेपाल यन्त्रशाला इण्डष्ट्रिज | उर्जा उत्पादन सम्बन्धी कार्य | श्रीमती बाबा प्रधान | ९८५१०३४३०४ |
| ९२ | श्री महालक्ष्मी ह्याण्डी क्राफ्ट | मेटलका सामान | श्री दुर्गा रिजाल | ९८५१०५८७१६ |
| ९३ | श्री नेरोमिल प्रा.लि. | तामा पितलको रोलिङ | श्री कल्याणकृष्ण ताम्राकार | ९८५१०५१३८४ |

| | | | | |
|---|---|---|---|---|
| ९४ | श्री नेपाल कमर्सियल इन्टरप्राइजेज प्रा.लि. | सामानहरु एसेम्बल तथा उत्पादन गरी विक्री वितरण गर्ने | श्री बिक्रम कृष्ण श्रेष्ठ | ९८५१०६५५३० |
| ९५ | श्री स्टिल उड प्रा.लि. | स्टीलको सामान उत्पादन | श्री सन्चित कृष्ण श्रेष्ठ | ९८५१००२२१२ |
| ९६ | श्री जय सन्तोषी रोलिङ मिल | तामा, पितलको रोल | श्री बिनोद ताम्राकार | ९८५१०२२५९० |
| च. | अन्य वस्तु तथा सेवा उत्पादन गर्ने | | | |
| ९७ | श्री अन्नपुर्ण मुद्रानालय | छपाइ तथा स्टेशनरी | श्री शुष्मा कार्की | ९८५१००१२६० |
| ९८ | श्री निखिल प्रिन्टिङ एण्ड जनरल सप्लायर्स | प्रिटिङ सप्लायर्स | श्री सबि कार्की | ९८५०१०१२६० |
| ९९ | श्री विद्याधारी प्रिन्टीङ प्रेस | छपाई सम्बन्धी कार्य गर्ने | श्री मैया शाक्य | ९८४१३२३१२१ |
| १०० | श्री एभरेष्ट निटवयर्स इण्डष्ट्रिज | सुति कपडा गन्जी तथा मोजा उत्पादन गर्ने | श्री बहादुर महर्जन | ९८५१११७६३० |
| १०१ | श्री सूप्रिम इण्डष्ट्रिज | प्लाष्टिकको पेट बोटल | श्री सरोज सागर भुसाल | ९८५१०३६१२७ |
| १०२ | श्री श्री टेक्सटाईल प्रा. लि | सुति कपडा उत्पादन गर्ने | श्री नारायण लाल जोशी | ९८५१०६२६३८ |
| १०३ | श्री शूभ इण्डष्ट्रिज प्रा.लि. | कपडाको तयारी समान उत्पादन | श्री साधना श्रेष्ठ | ९८५१०३७०३६ |
| १०४ | श्री सरस्वती टेक्सटाईल | स्पिनिङ, साइजिङ डाइङ, प्रिन्टिङ आदि | श्री चन्द्रशोभा शाक्य | ९८४१४०२२८९ |
| १०५ | श्री हिमाल टेन्टस प्रा.लि. | पाल,झोला,त्रिपाल, रबर कपडा,कटन कपडा | श्री कमल बहादुर न्याच्छे | ९८५१०२३३५४ |
| १०६ | श्री वराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. | सुन, चादीका गरगहना निर्यात गर्ने | श्री शिव कुमार लामिछाने | ९८५१२४४३७८ |
| १०७ | श्री फरनाज ह्याण्डी क्राफ्टस | चादीका हस्तकलाका वस्तुहरु उत्पादन विक्री वितरण | श्री फरिदा खातुन | ९८०८३४५७७७ |
| १०८ | श्री किसान दाना उद्योग | पशूपक्षीको दाना उत्पादन गर्ने | श्री राधेश्याम भण्डारी | ९८५१०२६९५२ |
| १०९ | श्री प्रविण इलेक्ट्रिकल्स | मर्मत सम्बन्धी काम गर्नै | श्री शान्तलाल ताम्राकार | १५४२९९९५ |

| | | | | |
|---|---|---|---|---|
| ११० | श्री रोशनी ल्याम्प इण्डष्ट्रिज प्रा.लि. | इनर्जि सभिङ ल्याम्प र सौर्य उर्जा विधुतिय चिम उत्पादन गर्ने । | श्री जगदीश सिंह सुराना | ९८५१०२२५३२ |
| १११ | श्री सगरमाथा अक्सिजन नेपाल प्रा.लि. | अक्सिजन ग्यास उत्पादन गर्ने | श्री नारायण तिमिल्सिना | ९८५१००१०४६ |
| ११२ | श्री अटोहव लजिष्टिक्स नेपाल प्रा.लि. | सवारी सर्भिसिङ्ग तथा मर्मत | श्री सुरेन्द्र प्रसाद सुवाल | ९८४९९३४८९६ |
| ११३ | श्री नेपाल बैक लिमिटेड | बैकिङ्ग सेवा | श्री गोकुल बहादुर साउँद, प्रबन्धक | ९८५११०१५८२ |
| ११४ | श्री उद्योग तथा बाणिज्य कार्यालय | उद्योग प्रशासन सम्बन्धी कार्य | श्री सन्तोष मोक्ताङ्ग, कार्यालय प्रमुख | ९८५१४०००७७ |
| ११५ | श्री कल्याण तथा सुरक्षा समिति | उद्योगीहरुको छाता संगठन | श्री राजेश्वरलाल जोशी, अध्यक्ष | ९८५१०२५५३० |
| ११६ | श्री सशस्त्र प्रहरी बलको कार्यालय | औद्योगिक सुरक्षा | श्री सीता के.सी., प्रहरी निरिक्षक | ९८५१२५८८७२ |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# PATAN INDUSTRIAL ESTATE



नेपाल बैंक

# समृद्ध व्यवसाय कर्जा

तपाईंको समृद्धि र सम्पन्नताको लागि हाम्रो साथ...

आधार दरमा मात्र
०.७५%
थप प्रीमियमदर



*शर्तहरू लागु हुनेछ।

- रू.१० करोड रकम सम्मको कर्जा सुविधा
- सरल प्रक्रिया तथा सुलभ ब्याजदर
- सम्पूर्ण शाखाबाट कर्जा प्रवाह हुने
- आवश्यकता अनुसार चालुपूँजी, स्थायी चालुपूँजी तथा स्थिर चालुपूँजी कर्जा सुविधा
- ७ कार्य दिन भित्र निर्णय*

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३

नेपालको पहिलो बैंक
www.nepalbank.com.np